नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)

प.सं. २०७६/०७७ (योजना तथा अनुगमन)

चलानी नं.: ३६८

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

मिति २०७६/१२/२१

श्री महाशाखाहरु सबै, संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।
श्री राष्ट्रिय किताबखाना, हरिहरभवन, ललितपुर ।
श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक, ललितपुर ।
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।
श्री स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।
श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, बबरमहल, काठमाडौं ।
श्री निजामती कर्मचारी अस्पताल विकास समिति, मिनभवन, काठमाण्डौ ।
श्री आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, सानेपा, ललितपुर ।
श्री तराई-मधेश समृद्धि कार्यक्रम, सिंहदरबार, काठमाडौं ।
श्री बहुक्षेत्रीय पोषण कार्यक्रम, सिंहदरबार, काठमाडौं ।

विषयः बजेट रोक्का सम्वन्धमा ।

प्रस्तुत विषयमा बिनियोजन ऐन २०७६ बमोजिम चालु आ.ब.को बजेटमा समावेश गरिएका कतिपय कार्यक्रम हाललाई स्थगित गरि बजेट रोक्का राख्ने सम्बन्धि अर्थ मन्त्रालयको च.नं ६८७ मिति २०७६/१२/२० को पत्रको छाँया प्रति यसै पत्र साथ संलग्न गरिएको छ । थप व्यहोरा अर्थ मन्त्रालयको सोहि पत्रबाट अबगत गर्नुभई कार्यान्वयन गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

८.६

गोविन्द के.सी.
शाखा अधिकृत

नेपाल सरकार
# अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्याः- २०७६/७७
च. नं.:- ६८७

मिति : २०७६/१२/२०

विषयः बजेट रोक्का सम्बन्धमा।

प्रिय सहकारीज्यू,

विश्वव्यापी महामारीको रूपमा फैलिरहेको कोरोना भाइरसको कारण नेपाल पनि प्रभावित भई देश भर विषम परिस्थिति उत्पन्न भएको व्यहोरा यहाँलाई अवगत नै छ। कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको लागि सार्वजनिक गतिविधि र आवागमनलाई नियन्त्रण गर्न विभिन्न उपायहरू अवलम्वन गरिएको छ। यसबाट आर्थिक गतिविधि प्रभावित भएकोले राजस्व संकलनमा समेत असर परेको छ। विनियोजन ऐन, २०७६ बमोजिम चालू आर्थिक वर्षको बजेटमा समावेश गरिएका कतिपय कार्यक्रम हाललाई स्थगित गरी विभिन्न निकायहरूमा विनियोजित बजेटलाई आवश्यकता अनुसार कोरोना भाइरस रोकथाम, नियन्त्रण लगायतका प्राथमिकता प्राप्त अन्य क्षेत्रमा समेत उपयोग गरी स्रोत व्यवस्थापन गर्नु पर्ने भएको छ।

यस सिलसिलामा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१ (१) मा रहेको व्यवस्था बमोजिम तहाँ मन्त्रालय/निकायको स्वीकृत बजेटको देहायका खर्च शीर्षकमा विनियोजित बजेट मध्ये २०७६ चैत्र २० सम्म दायित्व सिर्जना भइसकेको र बोलपत्र आब्हान भइसकेको बाहेक बाँकी रहेको बजेट तत्काल लागू हुने गरी मिति २०७६/१२/१९ को निर्णयानुसार रोक्का गरिएको हुँदा सो बमोजिम गर्ने व्यवस्थाको लागि सादर अनुरोध गर्दछु। साथै, विगतमा झैं यस कार्यमा पनि यहाँको साथ र सहयोग प्राप्त हुने विश्वास लिएको छु।

शिशिर कुमार ढुङ्गाना
सचिव

| खर्च शीर्षक | विवरण |
|---|---|
| २२४११ | सेवा र परामर्श खर्च |
| २२५११ | कर्मचारी तालिम खर्च |
| २२५२२ | कार्यक्रम खर्च |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च |
| २२५२९ | विविध कार्यक्रम खर्च |
| २२६११ | अनुगमन, मूल्याङ्कन खर्च (अति आवश्यक बाहेकको) |
| २८९११ | भैपरी आउने चालु खर्च |

| खर्च शीर्षक | विवरण |
|---|---|
| ३११२१ | सवारी साधन |
| ३११२२ | मेशिनरी तथा औजार |
| ३११२३ | फर्निचर तथा फिक्चर्स |
| ३११३२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पत्ती प्राप्ति खर्च |
| ३११७२ | पुँजीगत अनुसन्धान तथा परामर्श |
| ३१४११ | जग्गा प्राप्ति खर्च |
| ३१५११ | भैपरी आउने पुँजीगत |

श्री सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**बोधार्थ तथा कार्यार्थः**

श्री महालेखा नियन्त्रक कार्यालयः माथि उल्लिखित खर्च शीर्षकमा विनियोजित बजेट रोक्का गरिएको हुँदा निकासा नदिने व्यवस्था मिलाउनु हुन अनुरोध गर्दछु।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np